सान्नी त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी-०६, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

पत्र सः- २०८०/०८१ चलानी नः- ९४२ मितिः- २०८०/१०/०५
ने. सं ११४४ पोहेलाथ्व, ९ शुक्रवार

**विषयः** सहिद स्मृती भत्ता वितरण सम्बन्धी सुचना प्रकाशित गरिएको बारे ।

श्री वडा कार्यालय सबै (१ देखी ९ सम्म),
सान्नी त्रिवेणी गाउँपालिका, मेहलमुडी,
कालीकोट ।

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता प्रदान गर्न "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० मा भएको व्यवस्था बमोजिम सहिद स्मृति भत्ता वितरण कार्य प्रयोजनका लागि कार्यविधिको अनुसूची १ बमोजिमको आवेदनका साथै निम्न कागजातहरु सहित आफ्नो वडाका पिडित एकिन गरी २०८० फागुन २० गते सम्म कागजात संकलन गरी यस कार्यालयमा पठाउनु हुन आदेशनुसार अनुरोध छ।

साथै, नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त कार्यविधी, अनुसुची र घाइते अपाङ्गता भएका व्यक्तीहरुको विवरण यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

**आवश्यक कागजात**

१) हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३) सहिद/बेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा बेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,

४) हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात,

अनुसुची- १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>शहिद स्मृति भत्ता प्राप्तीको लागि दिइने निवेदनको ढाँचा</u>

मिति- २०......./......./....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सान्नी त्रिवेणी गाउँपालिका,
मेहलमुडी, कालीकोट ।

विषयः सहिद स्मृति भत्ता उपलब्ध गराई पाउँ।

म निवेदक जनआन्दोलन/जनयुद्ध/प्रदेश प्राप्तिको आन्दोलनको सहिद तथा बेपत्ता पारिएका व्यक्तिको परिवारको नजिकको हकवाला सदस्य भएको हुँदा सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८०" बमोजिम............................................................ गाउँपालिकाले मिति ........................ मा प्रकाशित गरेको सूचनामा हकवालाको रुपमा मेरो नाम समावेश भएकोले कार्यविधि बमोजिमको भत्ता उपलब्ध गराई दिनहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको/गरेकी छु।

**संलग्न कागजात**

१) हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३) सहिद/बेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा बेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,

४) हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात,

**निवेदकको,**

दस्तखत -
नाम, थर -
ठेगाना -
बाजेको नाम -
बाबुको नाम -
आमाको नाम -
फोन नं-